दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १६७ | बुटवल | २०८२ जेठ ३०, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday June.13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# अत्यधिक गर्मी : बेहोस भएर मजदुरको मृत्यु






**रामकुमार श्रेष्ठ**
*नवलपुर*

बढ्दो गर्मीसँगै मानिसहरु एक्कासी बेहोस हुने क्रम बढेको छ । नवलपुरको गैंडाकोट १७ अमलटारीमा एक जना मजदुरको बिहीबार काम गर्दागर्दै अचानक बेहोस भएर ढल्दा मृत्यु भएको छ ।

सारथवेभ ग्रेड रेडबुल कम्पनीमा ना ५ ख ६६६५ न.को ट्रकमा कार्टुन लोड गर्ने क्रममा गैंडाकोट १० पितौजी निवासी १८ वर्षीय रुपेश परियार अचानक बेहोस भइ ढलेका थिए । उनलाई उपचारको लागि नयाँ मेडिकल कलेज भरतपुर चितवन पठाएकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

उनको शरीरको बाहिरी भागमा कही चोटपटक नलागेको प्रहरीले जनाएको छ ।

मृत्युको कारण अत्यधिक गर्मी भएको प्रत्यक्षदर्शीले बताएका छन् ।

उनी देवचुली १६ बस्ने कवाडीको ठकेदार काम गर्ने नारायण के.सी.सँग काम गर्ने र उक्त कम्पनीमा बिग्रेका कार्टुन लोड गर्न गएको खुल्न आएको प्रहरीले जनाएको छ ।

त्यसैगरी कावासोती २ फलफूल चोकमा पनि एक जना नाम नखुलेको अन्दाजी ५५ वर्षीय पुरुष अचेत अवस्थामा फेला परेका छन् ।

उनलाई तत्काल उद्दार गरी उपचारका लागि मध्यविन्दु प्रादेशिक अस्पताल डण्डा लगिएको प्रहरीले जनाएको छ । हालसम्म उनको पहिचान हुन सकेको छैन । उनको पनि शरीरमा कुनै चोटपटक नदेखिएकोले अत्यधिक गर्मीले बेहोस भएको हुनसक्ने प्रहरीले जनाएको छ ।

त्यसैगरी नवलपुरको मध्यविन्दु नगरपालिका २ चौडाहा निवासी ३६ वर्षीय पतिराम चौधरी पनि प्रतिक्षालयमा बेहोस अवस्थामा फेला परेका छन् ।

चौधरीलाई स्थानीयले बेहोस अवस्थामा फेला पारेपछि उपचारका लागि मध्यविन्दु प्रादेशिक अस्पताल डण्डा ल्याएकोमा उनको थप उपचारका लागि भरतपुर अस्पताल चितवन पठाइएको प्रहरीले जनाएको छ ।

उनको आँखामा चोट देखिएको र अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

यता गर्मी बढेसँगै नवलपुरका पालिकाहरुले विद्यालयमा गर्मी बिदा दिएका छन् । नवलपुरमा अहिले ३९ देखि ४० डिग्री सेल्सियससम्म अधिकतम तापक्रम छ ।

**विद्युत् कार्यालय घेराउ**

अत्यधिक गर्मीका कारण जनजीवन अस्तव्यस्त भइरहेको बेला नवलपुरको कावासोतीमा साँझ तथा रातको समयमा दैनिक जसो विद्युत् सेवा अवरुद्ध हुन थालेपछि स्थानीयले नेपाल विद्युत् प्राविधकरणको कावासोती वितरण केन्द्रमा घेराउ गरेका छन् । मंगलबार साँझदेखि कावासोतीमा अत्यधिक विद्युत् कटौती हुन थालेको छ । मंगलबार साँझदेखि रातिसम्म १८ पटकभन्दा बढी विद्युत् कटौती भएको थियो भने बुधबार साँझदेखि राति १० पटकभन्दा बढी विद्युत् कटौती भएको थियो ।

विद्युत् कार्यालय घेर्न पुगेकाहरुले विन कारण विद्युत् कतौटी गरेको भन्दै आक्रोस पोखेका थिए । त्यसैगरी उनीहरुले सूचना दिएर मात्र विद्युत् कतौटी गर्न पनि माग गरेका थिए ।

मंगलबार साँझदेखि राति ११ बजेसम्म १८ पटकसम्म लाइन काटिएको स्थानीय उपभोक्ता बोमलाल गिरीले गुनासो गरे । उनले बुधबार साँझदेखि राति १० बजेसम्म १२ पटक झ्यापझ्याप बिजुली काटिएको बताए ।

लाइन आउन नपाइ काटिने समस्याले आफूहरु दिक्क भएकोले कार्यालय घेराउ गर्नु परेको स्थानीयले जनाएका छन् । उनीरुले बुधबार राति १० देखि ११ बजेसम्म कार्यालयमा नारा जुलुससहित घेराउ गरेका थिए भने बिहीबार रास्वपाको नेतृत्वमा गएको टोलीले विद्युत् प्राविधकरणमा नाराबाजीसहित ज्ञापन पत्र बुझाएका थिए ।

विना पूर्व सूचना विद्युत् आपूर्ति बन्द गर्नुको कारण, बन्द गर्नुअघि सूचना दिनु पर्ने, उपभोक्ताले फोन गर्दा सम्बोधन गर्नु पर्नेलगायत ८ बुँदे माग राखेर प्राधिकरणलाई ज्ञापन पत्र बुझाएको रास्वपा कावासोती नगर कमिटी अध्यक्ष मोहन बस्नेतले जानकारी दिए ।

ज्ञापन पत्र बुझ्दै नेपाल विद्युत् प्राविधकरण कावासोती वितरण केन्द्रका सहायक इन्जिनियर विनोद श्रेष्ठले लो भोल्टेजका कारण समस्या आएको बताए । उनले यसका लागि माथिल्लो निकायमा जानकारी गराएको समेत बताएका थिए ।

उता प्राधिकरणले भने बिहीबार बेलुकदेखि समस्यामा कमि आउने दाबी गरेको छ । प्राधिकरण कावासोती वितरण केन्द्रका प्रमुख सूर्य मण्डलले बिहीबार साँझदखि समस्यामा कमि आउने जनाए ।

लाइनमा समस्या आएकोले पत्ता लगाउने क्रममा बिजुली आउने जाने समस्या भइरहेको मण्डलको भनाइ छ । ३५ मेघावाटसम्म लोड भएको र कावासोतीमा यो अहिलेसम्कै बढी रहेको मण्डलले बताए ।

## भिजिट भिसा प्रकरणमा छानबिन समिति बटमलाइन

बुटवल । भिजिट भिसा प्रकरणमा छानबिन समिति बनाउने विषयमा विपक्षी दलहरू एक ठाउँमा उभिएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यबाहक प्रवक्ता मनीष झाले छानबिन समिति बनाउने विषयमा विपक्षी दलहरू एक ठाउँमा उभिएको जानकारी दिए ।

'सबै प्रतिपक्ष दलहरू 'भिजिट भिसामार्फत् मानव तस्करीको संगठित अपराध' सदाका लागि निराकरण गर्न छानबिन समिति बनाउने कुरामा एक ठाउँमा रहेको निष्कर्ष रहेको छ ।'- कार्यबाहक प्रवक्ता झाले भने ।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्दै विपक्षी दलहरूले संसद् अवरोध गर्दै आइरहेका छन् ।

सत्ता र विपक्षी दलहरूबिच सहमति जुट्न नसक्दा प्रतनिधिसभा चल्न सकेको छैन ।

## आलमलाई सफाइ दिने न्यायाधीशलाई कालोमोसो

बुटवल । नेकपा बहुमतका कार्यकर्ताहरूले उच्च अदालत, वीरगञ्जका न्यायाधीश डा. खुसीराम थारुलाई मोसो प्रहार गरेका छन् । थारुसहितको इजलासले केही दिनअघि ज्यान मुद्दामा कारागारमा रहेका नेपाली कांग्रेसका पूर्वसांसद अफताब आलमलाई सफाइ दिएको थियो ।

जनविरोधी फैसला गरेको भन्दै थारुलाई मोसो प्रहार गरिएको नेकपा बहुमतका कार्यकर्ताले बताएका छन् । उनीहरूले कार्यकक्षमै पुगेर न्यायाधीश थारुमाथि मोसो प्रहार गरेका हुन् । मोसो प्रहार गरेलगत्तै प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

## समाचार हटाउने आदेश संविधानविपरीत : माओवादी

बुटवल । नेकपा माओवादी केन्द्रले समाचार हटाउने अदालतको आदेश संविधानका मर्मविपरीत रहेको बताएको छ । पार्टीका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले विज्ञप्ति निकालेर यस्तो बताएका हुन् ।

पत्रकार दिलभूषण पाठकमाथि समाचार प्रसारण गरेको आधारमा पक्राउ पूर्जी जारी गरिएको घटना, नेपाल खबर डटकम र बिजमाण्डू डटकममा प्रकाशित समाचार हटाउन दिएको आदेशप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै उनले यस्तो बताएका हुन् । उनले अगाडि लेखेका छन्-'सरकारको यस प्रकारको कार्य प्रेस स्वतन्त्रता, लोकतान्त्रिक मूल्य मान्यता र संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रताको भावना विपरीतछ ।'

समाचार सामग्रीमा त्रुटि, पूर्वाग्रह वा तथ्यगत कमजोरी देखिएको छ भने त्यसको समाधानका लागि प्रेस काउन्सिल लगायतका नियामक निकायमार्फत् खण्डन गर्ने वा प्रतिवाद गर्ने विधि स्थापित रहेको स्मरण गरिएको छ । तर सरकारले प्रत्यक्ष रुपमा पक्राउपूर्जी जारी गरेर असहिष्णुता र दमनको नीति लिएको उल्लेख गर्दै अगाडि भनिएको छ-'त्यो लोकतान्त्रिक मर्मविरुद्ध छ ।'

माओवादी केन्द्र स्वतन्त्र, जिम्मेवार र तथ्यमा आधारित पत्रकारिताको सधैं पक्षधर रहेको उल्लेख गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरुद्धका गतिविधि नगर्न र सञ्चारकर्मीमाथि जारी पक्राउपुर्जी फिर्ता लिन जोडदार माग गरिएको छ ।

माओवादीका अनुसार लोकतन्त्रको आधार स्तम्भमध्ये स्वतन्त्र प्रेस एक महत्वपूर्ण खम्बा हो । प्रेस स्वतन्त्रताको संरक्षण, लोकतान्त्रिक मूल्यको सुदृढीकरण र नागरिक अधिकारको सुनिश्चितता नै समावेशी लोकतन्त्रको मूल आत्मा हो ।

विज्ञप्तिमा भनिएको छ-'लोकतान्त्रिक मूल्य र पद्धतिप्रति प्रतिबद्ध रहनका लागि सरकार र सबै पक्षहरूलाई जोडदार अपिल गर्दछौं ।'

## एयर इन्डियाको विमान दुर्घटनामा दुई सय बढीको मृत्यु



बुटवल । भारतको अहमदाबादमा भएको एयर इन्डियाको विमान दुर्घटनामा गुजरातका पूर्वमुख्यमन्त्री विजय रुपाणीसहित कम्तीमा दुई सय जना ४ जनाको मृत्यु भएको पुष्टी भएको छ ।

बिहीबार दिउँसो अहमदाबादबाट लन्डन प्रस्थान गर्न लागेको एयर इन्डियाको फ्लाइट एआइ १७१ विमानमा २३२ यात्रुसहित १० क्रू मेम्बर सवार थिए ।

दुर्घटनामा परेका एक यात्रू जीवित रहेका छन् । रमेश कुमार नाम गरेका यात्रु जीवत रहेको भारतीय मिडियाहरुले उल्लेख गरेका छन् ।

विमान दुर्घटनामा २०४ जनाको मृत्यु भएको पुष्टि भएको छ । विमान उडान भरेको केही समयपछि नै आवासीय क्षेत्रमा दुर्घटनाग्रस्त भएको थियो । विमानमा २४२ जना सवार थिए । अहमदाबादका प्रहरी आयुक्त जीएस मलिकले २०४ जनाको मृत्यु भएको पुष्टि गरेका छन् ।

» बाँकी ३ पेजमा

## खोलामा अवैध उत्खनन् र चोरी रोक्न एमालेको माग


समाजवादी मोर्चा नेपाल
रुपन्देही
प्रेस विज्ञप्ति

बुटवल । रुपन्देहीका तिनाउ, दानवलगायत विभिन्न नदीहरुमा भइरहेको मापदण्ड विपरीतको उत्खनन् र ढुंगा, गिटी, बालुवाको चोरी निकासी रोक्न नेकपा एमाले बुटवल नगर कमिटीले माग गरेको छ ।

एमाले नगर अध्यक्ष शोभाखर पोखरेलले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै खोलाहरुमा मापदण्ड विपरीत उत्खनन्, दोहन र चोरी निकासी भइरहेकोप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै यस्तो कार्य बन्द गर्न प्रभावकारी कदम चाल्न र संलग्न व्यक्ति तथा संस्थामाथि कडा कारबाही गर्न माग गरेका छन् ।

मापदण्डविपरीत खोला उत्खननले बाढी पहिरोजन्य प्राकृतिक प्रकोप, डुबान, कटान, मानवीय र पर्यावरणीय संकट वृद्धि हुने विज्ञप्तिमा उल्लेख छ ।

आर्थिक वर्षको ८-९ महिना चुप लागेर वर्षायाम लाग्ने बेला जेठमा खोला उत्खनन् गर्न दिने काम बन्द गर्न अध्यक्ष पोखरेलले माग गरेका छन् । हरेक क्षेत्रमा रहेका बेथिति, विसंगती र कुशासन अन्त्य गर्न प्रभावकारी कदम चाल्न सम्बन्धित सरकारी निकायसँग पोखरेलले माग गरेका छन् ।

यसअघि समाजवादी मोर्चामा रहेका तीन दल, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय जनमोर्चाले समेत विज्ञप्ति निकालेर रुपन्देहीका खोलाहरुमा मापदण्ड मिचेर भइरहेको उत्खनन् र पालिकाले तोकेको ठाउँमा घाटगद्दी नगरी ढुंगा, गिटी, बालुवालाई क्रेसर उद्योगलगायत अन्यत्र पुऱ्याएर भइरहेको चोरी निकासी रोक्न माग गरेका थिए । तर सिडिओ, एसपी, पालिकाका पदाधिकारी र कर्मचारी, जिल्ला समन्वय समितिले झारा टार्ने अनुगमन गरेर जथाभावी उत्खनन् र चोरी निकासीलाई रोक्न नसकेको स्थानीय प्रत्यक्षदर्शी बासिन्दाको गुनासो छ । खोलाहरुमा मनपरी दोहन र उत्खननमा नियामक निकायकै मिलेमतोमा करोडौं रुपैयाँको मोलमोलाई हुने गरेको आरोप छ । आर्थिक मोलमोलाईकै कारण झारा टार्ने अनुगमन गरेर ठेकेदारलाई बद्मासी गर्न छुट दिने गरिएको सम्बन्धित क्षेत्रकै व्यवसायीहरु बताउँछन् । जिल्ला समन्वय समिति प्रमुख उमाकान्त चापागाईंले कात्तिक-मंसिर बाटै खोलाको ठेक्का लगाउने प्रक्रिया अघि बढाउन पालिकाहरुलाई आग्रह गरे पनि बेवास्ता गरेर सबै पालिकाले एकैचोटी जेठमा ठेक्का लगाउँदा मनपरी दोहन र चोरीले प्रश्रय पाएको बताए । जेठमा सबै पालिकाले ठेक्का लगाउँदा सबैतिर राम्रोसँग अनुगमन गर्न नभ्याइएको स्वीकार्दै उनले यस्तो बेथिति रोक्न खोलाको ठेक्का प्रकृयामा आमूल परिवर्तनको वहस आवश्यक भएको बताए ।



## सम्पादकीय

# जिम्मेवार र जवाफदेही बनौँ

दुई अनलाइन पोर्टलमा प्रकाशित समाचार सामग्री हटाउन सर्वोच्च अदालतले दिएको निर्देशन र एक युट्यूब च्यानलमा प्रसारण भएको समाचार सामग्रीलाई लिएर पत्रकार दिलभुषण पाठकलाई प्रहरीले पक्राउ गर्न खोज्नु निन्दनीय छ। कुनै सञ्चार माध्यममा प्रकाशन र प्रशारण भएको सामग्री ठिक वा बेठीक भनेर फैसला गर्ने निकाय अदालत होइन्। त्यसैगरी, प्रकाशन र प्रसारण भएको समाचारप्रति चित्त नबुझे साइबर ब्यूरोमा नभई प्रेस काउन्सीलमा जानुपर्छ। अदालतको फैसला र प्रहरीको साइबर ब्यूरो दुवै गलत छन्। ती दुई काम प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी प्रचलित मान्यता र अभ्यास तथा नेपालको संविधान प्रतिकुल छन्।

काठमाडौंको नक्सालमा रहेको ५ तारे हिल्टन होटलमा पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाका छोरा जयवीरको लगानी रहेको भनेर पाठकले आफ्नो युट्युब च्यानलमार्फत् आरोपित गरेका छन्। तथ्य र प्रमाण विना कसैलाई गम्भीर आरोप लगाउनु पत्रकारिताको आधारभूत सिद्धान्तभित्र पर्ने विषय होइन्। पाठक अनुभवी अग्रज पत्रकार हुन्। लामो समय व्यवसायिक पत्रकारिता गरेका पाठकप्रति राज्यले गरेको व्यवहार गलत जति छ, उनले पनि पत्रकारिताको आधारभूत सिद्धान्तको पालना गरेको पटक्कै देखिएन्। पत्रकारको काम तथ्यमा टेकेर सत्य स्थापित गर्ने हो। तथ्यमा टेकेर सत्य स्थापित गर्नुको साटो कसैलाई तथ्य विना आरोप लगाएर समाचार सामग्री उत्पादन गर्ने विषय पत्रकारिताको आधारभूत सिद्धान्तसँग पटक्कै मेल खाँदैन्। पाठक जस्ता अनुभवी पत्रकार तथ्य खोज्नतिर नलागेर कसैले लगाएको आरोप र सामाजिक सञ्जालमा कसैले गरेको टिप्पणीको आधारमा समाचार सामग्री उत्पादन गर्नु गलत अभ्यास हो। पाठकले लगाएको आरोप पुष्टि गर्न नसके उनलाई कानुनले दण्डित गर्नुपर्छ। सञ्चारमाध्यममा प्रकाशित र प्रसारित समाचार चित्त नबुझे तथा त्यसले पीडा दिए उजुरी गर्ने निकाय प्रेस काउन्सील हो। गाली बेइज्जेती ऐनअनुसार अदालत जाने छुट जो कोहीलाई छ। न्यायिक निरुपणको बाटो खुला हुँदाहुँदै प्रहरी कहाँ उजुरी गरेर धरपकड गर्न खोज्नु निन्दनीय छ। यस्तो कामलाई सत्तामा बसेका प्रभावशाली व्यक्ति र उनका परिवारका सदस्यले राज्य संयन्त्रलाई गरेको दुरुपयोगको रुपमा बुझ्नुपर्छ।

त्यसैगरी, नेपाल खबर र बिजमाण्डु अनलाइन पोर्टलमा प्रकाशित धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठविरुद्ध प्रकाशित समाचारको विषय हटाउने आदेश दिने काम अदालतको होइन्। यो विषय हेर्ने निकाय प्रेस काउन्सील हो। प्रेस काउन्सीलले दिएको निर्देशन पालना नगरे थप प्रक्रिया अघि बढ्न सक्छ। गाली बेइज्जेत ऐनअनुसार अदालतामा मुद्दा पर्न सक्छ। त्यो मुद्दाका आधारमा सञ्चारमाध्यम र पत्रकारलाई दण्डित गर्न सक्छ। प्रकाशित र प्रसारित सामग्री हटाउने आदेशले अदालतको भूमिकामाथि नै प्रश्न खडा गरेको छ। यी दुई घटनाबाट सिक्नुपर्ने पाठ हो, सबै जवाफदेही र जिम्मेवार हुनुपर्छ। जवाफदेही र जिम्मेवार भएपछि अरुले हस्तक्षेत गर्दैन्। जिम्मेवार र जवाफदेहिता कमजोर हुँदा समाजमा प्रेस, अदालत र राज्यका विभिन्न निकायप्रति विश्वास टुट्छ, अन्ततः लोकतन्त्र कमजोर हुन्छ। जिम्मेवार र जवाफदेही हुँदा मात्रै लोकतन्त्र बलियो हुन्छ। बलियो लोकतन्त्रका लागि कानुनको पालना गर्ने र गराउने सबै जिम्मेवार बनौँ।

# क.पुष्पलाल सतवार्षिकी जन्म जयन्ती समारोह



विन बहादुर कुँवर

क. पुष्पलाल नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव हुन्। उनको जन्म वि.स. १९९१ असार १५ मा भएको थियो भने मृत्यु २०३५ श्रावण ७ गते भएको हो। जन्म स्थान रामेछाप जिल्लाको भंगेरी गाउँमा भएको थियो। उनी सहिद गंगा श्रेष्ठका भाइ पनि हुन्। २२ अप्रिल १९४९ मा नेकपाको गठन भयो। ४ अप्रिलमा नेकपा स्थापनाका लागि एउटा पहिला पर्चा प्रकाशित गरियो। १५ सेप्टेम्बर १९४९ मा नेकपाको घोषणा पत्रको सार्वजनिक गरियो। यसभन्दा पहिले २००५ सालमा नै क. पुष्पलालले मार्क्स-एंगेल्सद्वारा रचित सन् १८४८ मा प्रकाशित कम्युनिष्ट घोषणापत्रको प्रथम नेपाली अनुवाद गरेका थिए। त्यो अनुवादको पहिलो संस्कारको भूमिकामा भनिएको थियो-'जस्तो आज चालिस राणाहरुको आजादीलाई नेपाली जनताको आजादी भन्न सकिन्न त्यस्तै भोलि २०० सय नेपाली जमिनदार र पुँजीपतिहरुको आजादीलाई नेपाली जनताको आजादी भन्न सकिन्न। नेपाल तब मात्र पूर्णरुपले आजात (स्वतन्त्र) हुन सक्छ जब यो कम्युनिष्ट घोषणा पत्र नेपालमा कार्य रुपमा परिणत हुनेछ। अतएव यो पढ्नु, पढाउनु र प्रचार-प्रसार गर्नु पनि नेपाली जनमुक्ति आन्दोलनमा भाग लिनु हो।'

त्यस्तै नेकपाको पहिलो घोषणापत्रमा उल्लेखित विभिन्न नाराहरुमध्ये एउटा नारा थियो, 'एउटा नेपाली भाइ पनि साम्रराज्यवादी लडाइँको चारा बन्न दिने छैनौ चाहे मलाय होस्, चाहे हिन्दुस्तान वीर नेपाली भाइ हो- हातमा भएको बन्दुकले ती साम्रराज्यवादी डाँकाहरुको निशाना ताक, देशका प्रत्येक भाइ मजदूर, किसानसँग गला मिलाउ।' त्यस्तै अर्को नारा 'सोभियत युनियन, नव प्रजातन्त्र, आजात (स्वतन्त्र) चीन विश्व मजदुर वर्गको आन्दोलन र विश्व कम्युनिष्ट आन्दोलनसँग हाम्रो एकता जिन्दावाद।' उक्त घोषणापत्रमा उल्लेखित विभिन्न कार्यक्रमहरुमध्ये पहिलो थियो, 'सामन्ती एकतन्त्रवाद तथा विदेशी अधिनायकत्वको पूर्ण उन्मूलन र पूर्व तथा वास्तविक स्वाधिनता।' दोस्रो 'मजदुर, श्रमजीवी, किसान र उत्पीडित निम्न पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने जनवादी सरकार जसले अंग्रेज-अमेरिकी साम्रराज्यवाद र त्यसको भारतीय पिछलग्गुहरुसितको विरोध हुनेछ।' यसका साथै त्यसमा विना मुआवजा जमिनदारी प्रथा र सबै खाले सामन्ती शोषणको उन्मूलन र जोताहाहरुलाई जमिनको वितरण गर्नु, ग्रामीण ऋण खतम गर्नु, कृषि मजदूरहरुलाई जीवनयोग्य ज्याला।'

'बैंक, औद्योगिक तथा यातायात व्यवसाय, बगान खानी आदिमा लगाइएको विदेशी पुँजी राज्यद्वारा जफत गरिनु र ती व्यवसायहरुको राष्ट्रियकरण गर्नु।'

'स्वतन्त्र शिक्षा र अनिवार्य प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार' यी आदि विभिन्न अन्य कार्यक्रमसहित एउटा मुख्य कार्यक्रम थियो। 'आम जनतालाई सशस्त्र पार्नु र जनताको जनवादी सेना स्थापना गर्नु आदि।'

यी माथि उल्लेखित विभिन्न नारा र कार्यक्रम क. पुष्पलाल कै उपज र योजना थियो। यी सबैको के कति दुरगामी महत्व छ ? जुन अहिलेसम्म पनि पूरा भएका छैनन्। पटकपटक देशमा कम्युनिष्ट नेतृत्वको सरकार बन्यो तर यी सबैले यसप्रति भन्दा आ-आफ्नै व्यक्तिगत र गुटगत स्वार्थप्रति बढी केन्द्रित हुने गरेका छन्। त्यसका लागि देशी तथा विदेशी सामन्ती, साम्रराज्यवादी र विस्तारवादीहरुकै दलाली र चाकडी नै गर्ने गरिरहेका छन्।

नेकपाको स्थापना अनि यसले अघि सारेका नारा र कार्यक्रम अनुसार क. पुष्पलालले सर्वप्रथम २००७ सालको निरंकुश जहाँनियाँ राणा शासनको अन्त्यका लागि जनतालाई संगठित पार्दै आन्दोलन अगाडि बढाउने प्रयत्न गरे। नयाँ जनवादको निम्ति नेपाली जनताको बाटो भन्ने रचनामा क. पुष्पलालले लेखेका छन्-'वीरगञ्जमा भएको फौजी हमला यसैको झलक थियो। यो हाम्रो जातीय मुक्ति आन्दोलनको एउटा हिस्सा थियो। सुवर्ण-राजा-कोइराला मण्डली हामीलाई सशस्त्र संघर्षबाट अलग गराउनका निम्ति कोसिस गरे। यसमा नेहरु सरकारको पनि पूरापुर सहयोग थियो। उनीहरुको सारा कोसिसलाई व्यर्थ गरिकन हामीहरुले सक्रिय रुपले सशस्त्र संघर्षको आधारलाई बढाएर क्रान्तिलाई सफल गर्न कोसिस गऱ्यो। देशका सम्पूर्ण क्रान्तिकारी शक्तिहरु रणक्षेत्रमा उत्रे। ठाउँ-ठाउँमा जनविद्रोह हुन थाल्यो। किसानहरुले जमिन दखल गरी सामन्त शाहीलाई खतम गर्न थाले। क्रान्तिको लहरले सबै वर्गहरुलाई लपेट्यो। तर पछि यो क्रान्तिमा गद्दारी भयो र म्यादी सरकारको स्थापना गराइयो भन्दै क. पुष्पलाल अघि लेखेका छन्-'जनताको यस्तो तागतदेखि विश्वका सारा प्रतिक्रियावादी शक्तिहरु डराए। अंग्रेज-अमेरिकी साम्राज्यवादी, हिन्दूस्तानका ठूला पुँजीपति, त्रिभुवन, कोइराला र दिल्ली सम्झौता जनतामाथि लादिए। हरेक मोर्चा जित्दै अगाडि बढिरहेको क्रान्तिप्रति गद्दारी गरी प्रतिक्रियावादीहरुले नेपालमा त्रिभुवन-राजा-कोइराला सम्झौताको म्यादी सरकार खडा गराए। जनताको आँखामा छारो हाल्न विधान सभा, चुनाव, प्रजातन्त्र र दुई वर्षपछि सबै कुराहरु ठीक हुन्छ भन्ने भ्रम फैलाए।'

क. पुष्पलाल एक राष्ट्रभक्त गणतन्त्रवादी कम्युनिष्ट नेता हुन्। कम्युनिष्ट पार्टीको स्थापनाकालदेखि नै उनले देशको राष्ट्रियता, स्वाभिमान र स्वतन्त्रको पक्षमा अनावरण उठाइरहे। नेपालमा भएका त्यस्ता सम्पूर्ण असमान सन्धि सम्झौताको विरोध गर्दै आए। ई.स. १८१६ को सुगौली सन्धि, १९५० को भारत- नेपाल शान्ति र मैत्री सन्धि, १९६५ मा नेपाल- भारतसँग भएको सैन्य सन्धि, त्यस्तै वाणिज्य र पारवहन सन्धि, कोशी-गण्डक नहर सन्धि सम्झौता आदि सबैमा उनको विरोध छ। यी सबै सन्धि सम्झौतामा वृटिस, भारत अनि नेपालका शासक राजा-राणा साथै नेपाली कांग्रेस सबैको सहमति छ। खाली एक मात्र विरोध नेकपा र त्यसका संस्थापक नेता-कार्यकर्ताहरुको मात्र रहेको छ। त्यसैले नेपालको एक मात्र देशभक्त पहिलो पार्टी नेकपा र यसका संस्थापक नेता क. पुष्पलाल नै हुन्।

क. पुष्पलाल एउटा प्रमुख देशभक्त र जनवादी देशका कम्युनिष्ट नेता मात्रै नभएर एउटा कम्युनिष्ट अन्तर्राष्ट्रवादी नेता पनि हुन्। उनले चिनियाँ कम्युनिष्ट पार्टीको नवौं राष्ट्रिय कांग्रेसको सफलता माथि हर्ष व्यक्त गर्दै भनेका छन्-'यो सोभियत संशोधनवादी गुटद्वारा नेतृत्व गरिएको अन्तर्राष्ट्रिय संशोधनवादमाथि मार्क्सवाद-लेनिनवाद र माओवादको महान विजय हो। यसले संसारका क्रान्तिकारीहरुलाई ठूलो प्रेरणा दिएको छ। साम्रराज्यवाद विरोधी जनवादी आन्दोलनलाई क्रान्ति र राष्ट्रिय मुक्ति आन्दोलनलाई बल पुऱ्याउँदै समाजवादी क्रान्ति र निर्माणमा झनै बलियो बनाएको छ।'

क. पुष्पलालले नेपालमा कम्युनिष्ट पार्टीको स्थापना अनि त्यस अनुरुपको विचार सिद्धान्त र कार्यक्रम अघि सारे पनि नेकपाको पहिलो महाधिवेशनमा त्यसको नेतृत्व गर्ने जिम्मा उनलाई दिइएन। त्यसको नेतृत्वमा मनमोहन अधिकारीलाई लाइयो। त्यसपछि नेकपालाई क्रमशः दक्षिणपन्थीधारमा अघि बढाउने काम भयो। पार्टीको मूल नीति गणतन्त्रको भए पनि मनमोहन नेतृत्वले पार्टी माथिको प्रतिबन्ध हटाउने नाममा राजतन्त्र स्वीकार्ने शर्तमा पार्टीमाथिको प्रतिबन्ध त हट्यो, तर पार्टी संवैधानिक राजतन्त्र हुँदै राजावादी लाइनमा पुग्यो। मनमोहन पछि बनेका पार्टी महासचिव केशरजंग रायमाझीपछि खुलेरै राजावादी भई कम्युनिष्ट पार्टीको अस्तित्व र गरिमामाथि ठूलो गद्दारी गरे।

२०१७ सालको राजा महेन्द्रको फौजी 'कु' पछि एक प्रकारले नेकपा छिन्न भिन्न र अस्तित्वविहीन जस्तै भयो। पार्टीको तेस्रो महाधिवेशन त भयो, तर त्यसको नेतृत्व पनि दक्षिणपन्थी अवसरवादीहरुकै हातमा पुग्यो। त्यो बेला पार्टीमा क.पुष्पलालको संसद पुनर्स्थापना र मोहनविक्रमको संविधानसभाको नारा अल्पमतमा पऱ्यो। थुप्रै नेताहरु गिरफ्तारीमा परे भने धेरै भारतमा पुर्नवास बस्न बाध्य भए। तैपनि नेकपाको पुनर्निर्माणका लागि क.पुष्पलालले २०२५ सालमा तेस्रो राष्ट्रिय सम्मेलन गोरखपुरमा सम्पन्न गरी नयाँ जनवादी क्रान्तिको एक मात्र सही बाटो अघि बढाए। तर त्यसको लगत्तै २०२७ साल मोहन विक्रम, मनमोहन, भरतमोहन र निर्मल लामाहरुले पार्टीको केन्द्रीय-न्यूक्लियस गठन गरी नेकपाको पुनर्निर्माणका लागि पहल कदमी भयो। त्यस्तै २०२८ सालमा झापालीहरुले झापा विद्रोह थालनी गरी जबर्जस्त पार्टी पुनर्निर्माणको थालनी भयो।

यतिबेला उदाएका यी तीन धारामध्ये पहिलो २०३५ सालमा र पुष्पलालको मृत्युपछि त्यो क्रमशः कमजोर हुँदै अहिले विसर्जनमा छ। दोस्रो मोहन विक्रमको चौ.म. हुँदै मशाल त्यसपछि टुटफुट हुँदै नेकपा माओवादी र मसालमा रुपान्तरित छ। त्यस्तै तेस्रो नेकपा (माले) हुँदै अहिले यी तिनै धाराले घुमाई फिराई क. पुष्पलालकै लाइनलाई आत्मसात गर्दै आएका छन्। हिजो क. पुष्पलाललाई गद्दार भने पनि अहिले त्यही क. पुष्पलालको लाइनलाई अनुसरण गरी अहिले पनि आफूलाई सच्चा क्रान्तिकारी कम्युनिष्ट भन्दै आइरहेका छन्। हिजो क. पुष्पलाललाई गद्दार भनी छिःछिः र दुरदुर गर्नेहरु अहिले पुष्पलालभन्दा अझ कैयौं गुना बढी गद्दार हुने गरेका छन्। उनीहरुले पुष्पलाललाई गद्दार भन्ने केही आधारमध्ये पहिलो आधार थियो-कांग्रेसलाई राष्ट्रिय पुँजीपति वर्गको बुर्जुवा पार्टी। त्यस्तै अर्को थियो कांग्रेस सहितको राष्ट्रिय संयुक्त मोर्चा र संयुक्त जनआन्दोलन।

आज यही पुष्पलालको लाइन अन्तर्गत हिजो पुष्पलाललाई गद्दार घोषित गर्ने झापाली र मसाल कांग्रेससित संयुक्त मोर्चा र आन्दोलन मात्रै होइन उ नेतृत्वको सरकार वा सम्मिलित सरकारमा नै सहभागी भई मन्त्री नै बन्ने गरेका छन्। आखिर पुष्पलाललाई उनीहरुले त्यतिबेला गद्दार भन्नुका पछाडि त्यस्तो कुनै सैद्धान्तिक र राजनीतिक मूल कारण थिएन। कारण खाली व्यक्तिगत पूर्वाग्रह र उग्रवामपन्थी सोंच नै थियो। यसको अर्थ क. पुष्पलालले अघि सारेको यो नीति सम्पूर्ण रुपमा सही नै थियो भन्ने होइन। नेपाली कांग्रेसलाई देशभक्त र राष्ट्रिय पूँजीपति वर्गको पार्टी भनी त्यससँग यस प्रकारको मोर्चा बनाई अघि बढ्ने नीति क.पुष्पलालको कमजोरी थियो। पहिलो कुरा त कांग्रेस देशभक्त पार्टी नै होइन दोस्रो न वर्गीय रुपमा राष्ट्रिय पुँजीपतिको पार्टी नै हो। स्वयं पुष्पलालका कैयौं भनाइले यसको पुष्टि गरिसकेको थियो। जस्तो पुष्पलालले २००७ सालमा सम्पन्न राजा-राणा र कांग्रेसबिच सम्पन्न त्रिपक्षीय दिल्ली सम्झौताको विरोध गर्दै भनेका छन्-'हरेक मोर्चामा जित्दै अगाडि बढिरहेको क्रान्तिप्रति गद्दारी गरी प्रतिक्रियावादीहरुले नेपालमा त्रिभुवन, राणा, कोइराला सम्झौता गरी म्यादी सरकार खडा गराए। जनताको आँखामा छारो हाल्न विधानसभा, चुनाव, प्रजातन्त्र आदि हुन्छ भन्ने भ्रम फैलाए।' यस्तो क्रान्तिमा गद्दारी गर्ने राजा-कांग्रेस कहिले पनि सच्चा देशभक्त र जनवादी, वर्गीय रुपमा राष्ट्रिय पुँजीपति पनि हुनै सक्दैन। कांग्रेसको यही राष्ट्रघाती र दलाली चरित्र त्यसपछि पनि पटकपटक प्रदर्शन गर्दै आएको छ।

अहिले पनि कांग्रेस पार्टीले अमेरिकी साम्रराज्यवाद र भारतीय विस्तारवादको नाङ्गो रुपमा दलाली र चाकडी गरिनै रहेको छ। दुनियाँले इजराइली साम्राज्यवादको प्लाइटाइनमाथिको नांगो हस्तक्षेप आक्रमणको निन्दा र घृणा गरिरहँदा पनि अमेरिकी साम्राज्यवादको इशारामा त्यसको समर्थन गरिरहेको छ। त्यस्तै भारतीय विस्तारवादको पाकिस्तान आक्रमणको समर्थन आदि उदाहरणले ने.का. मा देशभक्त र राष्ट्रिय चरित्र देखा पर्दैन। त्यस्तो पार्टीलाई देशभक्त र जनतान्त्रिक पार्टी भन्नु र त्यसको नेतृत्व वा समझदारीमा आन्दोलन गर्ने कुरा गर्नु अर्को जन र राष्ट्रघात हो। जुन अहिले देखा परेको माओवादी-एमालेको कांग्रेसी पिछलग्गुको परिणाम देखा परिरहेको छ। क.पुष्पलाल एउटा सच्चा देशभक्त, जनवादी र गणतन्त्रवादी हुँदाहुँदै पनि २०१७ सालपछि उनले अघि सारेको सांसदको पुनर्स्थापनाको नाराले कांग्रेसको पिछलग्गु जस्तो अझ सारमा भन्दा संवैधानिक राजतन्त्रका पक्षपाती भए जस्तो देखिएकाले उनीप्रति अरु वाम नेताहरु आकर्षित हुन त्यतिबेला सकेनन्। जसको परिणाम चौ.म. मसाल अनि झापा विद्रोह र नेकपा (माले) बन्ने र झाँगिने मौका पाए।

अन्त्य क.पुष्पलालका यी केही कमजोरीका बाबजुद उहाँ एउटा मार्क्सवादी-लेनिनवादी र माओ विचार धारका पक्षपाती कम्युनिष्ट नेता हुन्। नेपालमा कम्युनिष्ट विचार र सिद्धान्त अनि त्यस अनुरुप कम्युनिष्ट पार्टी निर्माण गर्नु उनको महान कार्य हो। त्यसैले क. पुष्पलाल नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा सदा अमर व्यक्तित्व हो। यस्तो व्यक्तित्वको यो सतवार्षिक समारोहमा यो लेख लेखी स्मरण गरिएको छ। यही जेठ २४ गते मार्क्स विचार मञ्च नेपालले यसै सन्दर्भमा क. पुष्पलालको स्मरण गरेको छ। अन्त्यमा श्रद्धा सुमन र लाल सालम क.पुष्पलाल।

# खोपको महत्व र बालबालिकाको स्वास्थ्य सुरक्षा

डा. अरुण कुमार सिंह

स्वास्थ्य र जीवन संरक्षणको क्षेत्रमा खोपको भूमिका विश्वव्यापी रुपमा अपरिहार्य रहँदै आएको छ। बालबालिकालाई जीवनका प्रारम्भिक दिनदेखि नै खोप लगाउनु भनेको उनीहरूको जीवनलाई सुरक्षित राख्नु मात्र होइन, समग्र समाजमा रोग फैलावट रोक्ने एक महत्वपूर्ण कदम हो। नेपाल जस्ता विकासशील देशहरूमा अझैं पनि संक्रामक रोगका कारण बालबालिकाको मृत्यु दर उच्च छ। यस्ता चुनौतीहरूलाई सामना गर्न खोपलाई प्रभावकारी रुपमा प्रयोग गर्न आवश्यक छ।

**खोप के हो र यसको महत्व ?**

खोप भनेको हाम्रो शरीरलाई रोगसँग लड्न सिकाउने एक प्रकारको जैविक सुरक्षा हो। खोपले शरीरमा रोगजनक जीवाणु वा भाइरससँग लड्ने प्रतिरक्षा प्रणाली तयार पार्छ। यसले गर्दा हामीले वास्तविक रोगको सामना गर्दा हाम्रो शरीर सजिलैसँग त्यसलाई परास्त गर्न सक्छ। बालबालिकामा खोप लगाउने प्रमुख कारणहरूमा पहिलो हो, मृत्यु र गम्भीर रोगबाट सुरक्षा। खोपले ती रोगहरूबाट जोगाउन मद्दत गर्दछ।

**नेपालमा खोपको स्थिति**

नेपाल सरकारले बालबालिकालाई आवश्यक सबै खोपहरू निःशुल्क उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्दै आएको छ। सरकारले आयोजना गरेको राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत पोलियो, खसरा, डिप्थेरिया, टिटनस, हेपाटाइटिस बी लगायतका खोपहरू प्रदान गरिन्छ। तर, ग्रामीण र दुर्गम क्षेत्रहरूमा खोपको पहुँच अझैं पनि पूर्ण छैन। त्यहाँका अभिभावकहरूमा खोपप्रति पर्याप्त जागरुकता नहुँदा वा विभिन्न सामाजिक र सांस्कृतिक कारणले खोपबाट बच्ने प्रवृत्ति देखिन्छ। यसले गर्दा खोपको पूर्ण प्रभावकारिता कम हुन सक्छ।



**खोप प्रतिको भ्रम र चुनौतिहरू**

विश्वभरि खोपप्रति केही मानिसहरूमा संशय, डर र गलत सूचना फैलिएको छ। नेपालमा पनि यस्ता समस्याहरू देखिन्छन्।

गलत सूचनाः खोपले बालबालिकामा हानी पुऱ्याउने मिथ्या समाचारहरू सामाजिक सञ्जालमार्फत फैलिन्छन्।

धार्मिक वा सांस्कृतिक पूर्वाग्रहः केही समुदायहरूमा खोप लगाउने विषयमा धार्मिक कारणले रोकावट हुन्छ।

सामाजिक असमझदारीः खोप लगाउने प्रक्रिया र त्यसको आवश्यकता नबुझ्नु। यी समस्याहरूले गर्दा खोप अभियानमा बाधा आउँछ र स्वास्थ्यमा जोखिम बढ्छ। यसलाई सच्याउन स्वास्थ्यकर्मी, शिक्षक, र समाजका सबै तहमा काम गर्नेहरूलाई सहकार्य गर्नु आवश्यक छ।

**खोपको वैज्ञानिक प्रमाण र सुरक्षा**

विश्व स्वास्थ्य संगठनलगायत विश्वका अग्रणी स्वास्थ्य संस्थाहरूले खोपहरूको सुरक्षा र प्रभावकारितामा विश्वास राख्छन्। प्रत्येक खोप विश्वसनीय परीक्षण, अनुसन्धान र प्रमाणित प्रक्रियाबाट पास भएर मात्र प्रयोगका लागि स्वीकृत हुन्छ। नेपालमा पनि स्वास्थ्य मन्त्रालयले कडा नियमन र गुणस्तर परीक्षण गरी मात्र खोप वितरण गर्दछ।

**परिवार र समुदायमा खोपको महत्व बुझाउने हाम्रो जिम्मेवारी**

खोप लगाउनु भनेको केवल बालबालिकाको स्वास्थ्य संरक्षण मात्र होइन, परिवार र समुदायको स्वास्थ्य सुरक्षामा पनि योगदान दिनु हो।

हामीले प्रत्येक अभिभावकलाई खोपको महत्व, यसको सही समय र प्रक्रियाबारे जानकारी गराउनुपर्छ। साथै खोपपछि देखिन सक्ने सामान्य प्रतिक्रियाहरू (जस्तै हल्का ज्वरो, सुजन) बारे सचेत बनाउनु आवश्यक छ ताकि उनीहरू चिन्तित नहुन्।

**खोप र स्वास्थ्य शिक्षामा प्रविधिको भूमिका**

आजको डिजिटल युगमा खोप सम्बन्धी जानकारी प्रविधिको माध्यमबाट सजिलै सबैसम्म पुऱ्याउन सकिन्छ। मोबाइल एप, सामाजिक सञ्जाल, रेडियो र टेलिभिजन कार्यक्रमहरूले खोप जागरुकता फैलाउन महत्वपूर्ण भूमिका खेलिरहेका छन्। हामीले प्रविधिको सदुपयोग गरेर विशेषगरी ग्रामीण र टाढाका क्षेत्रहरूमा खोपको महत्व पुऱ्याउन सक्ने छौं।

**निष्कर्ष**

बालबालिकाको स्वस्थ जीवन सुनिश्चित गर्न खोप नै सर्वोत्तम उपाय हो। हामी सबैले खोपको महत्व बुझ्नुपर्ने, परिवारहरूलाई सचेत गराउनुपर्ने र सरकारसँग मिलेर खोप कार्यक्रमलाई प्रभावकारी बनाउन पहल गर्नुपर्ने जिम्मेवारी छ। विश्वासपात्र स्वास्थ्यकर्मी, शिक्षक र अभिभावकले मिलेर मात्र हामी बालबालिकालाई सुरक्षित र स्वस्थ बनाउन सक्छौं।

बालबालिका स्वस्थ, समाज स्वस्थ र देश उज्जवल भविष्यतर्फ अघि बढ्छ।

*(बालरोग विशेषज्ञ डा.सिंह बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका एसोसिएट प्रोफेसर हुन्। उनको 'बालबालिकाको डाक्टर साथी' पुस्तक प्रकाशित छ)*

# लागुपदार्थ दुर्व्यसनीविरुद्धको मिनी म्याराथुनमा नरसिंह प्रथम



कञ्चन । कञ्चन साथी सञ्जाल रुपन्देहीको आयोजनामा सञ्चालन गरिएको लागुपदार्थ दुर्व्यसनीविरुद्धको ५ दिने अभियानअन्तर्गत बिहीबार भएको मिनी म्याराथुन प्रतियोगितामा प्रगती मा.वि.का नरसिंह लोधले १३ मिनेट ३४ सेकेण्डमा ३ कि.मी दुरी पार गरी प्रथम भएका छन् ।

लागुऔषध सेवनले जीवनलाई अन्धकार, परिवारमा अशान्ति ल्याउँछ र नसामा होइन खेलकुदमा रमाऔं भन्ने सन्देशसहित कञ्चन गाउँपालिकाको आर्थिक सहयोग तथा सुनगाभा सामुदायिक विकास केन्द्रको समन्वयमा सञ्चालन गरिएको मिनी म्याराथुन दौड प्रतियोगितामा नरसिंह लोध प्रथम भएका हुन् ।

यस्तै जनज्योति माध्यमिक विद्यालयका राजेश लोध द्वितीय भएका छन् । उनले १४ मिनेट २५ सेकेण्डमा दुरी पूरा गरेका हुन् भने शुभ सृष्टि ग्रेजुएट फोरमा उमेश लोधले १४ मिनेट ३८ सेकेण्डमा दुरी पूरा गरी तृतीय भएका छन् ।

म्याराथुन दौड प्रतियोगितामा सहभागी तथा विजेता धावकहरुलाई सम्मान गर्दै कञ्चन गाउँपालिकाका उपाध्यक्ष मौसमी थापा मगरले खेलकुद स्वास्थ्यका लागि मात्र नभएर एक समाजदेखि अर्को समाजसँगको सम्बन्धलाई जोड्नका लागि खेलकुद उपयुक्त माध्यम हुने विचार व्यक्त गरिन । नसामा होइन, खेलकुदमा रमाऔं भन्ने नारा लिएर खेलकुदमा सहभागी हुँदै गर्दा समाजमा सकारत्मक सन्देश फैल्याउने कुरा उल्लेख गर्दै उपाध्यक्ष थापा मगरले समाजलाई लागुपदार्थ दुर्व्यसनीको अन्त्य गर्न एउटा समाज, संस्था वा व्यक्तिको एकल प्रयासले मात्र सम्भव नहुने र त्यसका लागि सबै जुट्नु पर्ने विचार व्यक्त गरेकी हुन् ।

कञ्चन साथी सञ्जालका अध्यक्ष सुस्मिता नेपालीको अध्यक्षता, सचिव समीक्षा नेपालीको सञ्चालनमा भएको उक्त प्रतियोगिताका धावकहरुलाई रुपन्देहीको एकमात्र रमणीय ताल दानापुर तालमा सम्मान तथा पुरस्कृत गरिएको थियो ।

प्रतियोगितामा राजकुमार थापा, जितबहादुर पुन र थमन थापाले निर्णायकको भूमिका निर्वाह गरेका थिए भने कञ्चन १ को बेलभरिया चोकदेखि लौसा बजार, सुशिलनगर, कुचेरा हुँदै दानापुर तालसम्म दुरी कायम गरिएको उक्त प्रतियोगितामा १० जना धावकहरुले सहभागिता जनाएका थिए ।

लागुऔषध दुर्व्यसनीविरुद्धको ५ दिने अभियानअन्तर्गत प्रगती माध्यमिक विद्यालय र गाउँपालिकामा जनप्रतिनिधि र सरोकारवालाहरु बिच अन्तर्क्रियासहित सडक नाटक समेत प्रदर्शन हुने कञ्चन साथी सञ्जालका विष्णु सुनारले जानकारी दिए ।

# नवलपरासी सुनचाँदी व्यवसायी संघद्वारा विरोध प्रदर्शन




**गौरीशंकर जयसवाल**

परासी

नवलपरासी सुनचाँदी व्यवसायी संघ पश्चिम नवलपरासीले विरोध प्रर्दशन गरेका छन् । सरकारले हालै बजेट भाषणमा सुनचाँदी व्यवसयीहरुलाई विलासिता बस्तुमा कर लगाएको र कर खारेजी माग गर्दै बिहीबार परासीमा विरोध प्रदर्शन गरेका हुन् ।

उनीहरुले प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीमार्फत् ज्ञापनपत्र पठाउँदै सरकारलाई विलासिता बस्तूको कर खारेजीको माग समेत गरेका छन् । उनीहरुले विलासिता बस्तुको कर र व्यवसायीमैत्री नीति ल्याउन माग गरिएको सुनचाँदी व्यवसायी संघका जिल्ला अध्यक्ष अर्जुन सुनारले बताए । उनले सुनको भन्सार ६ प्रतिशत कायम गर्न समेत सरकारसँग माग गरिएको जनाए ।

सरकारले सुनमा २ प्रतिशत विलासिताको कर र १३ प्रतिशत भ्याट कर लगाएको भन्दै यसलाई तुरुन्त खारेजी गर्न माग गरिएको सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय सदस्य राजेन्द्र सुनारले बताए ।

सुनचाँदी र हिराका गरगहना पसलेहरूले विलासिताको वस्तु नभएकोले सुनमा लगाइएको विलासिताको कर हिरामा लगाइएको भ्याट खारेज गर्न पनि माग गरिएको महासंघका केन्द्रीय सदस्य भिमसिंह बिकले जनाए ।

सरकारको बिलासिता बस्तुमा लगाइएको करले आम उपभोक्तामा पनि मर्का समेत पर्ने भएकोले सरकारले उक्त कर अविलम्ब हटाउनुपर्ने र सुन व्यवसायीहरुलाई काम गर्ने वातावरण सिर्जना गर्न र व्यवसायीमैत्री नीति ल्याउनुपर्ने माग गरिएको संघका सचिव देबेन्द्र सुनारले जानकारी दिए । जिल्लामा एक सय ६० जना सुनचाँदी व्यवसायीहरु रहेका छन् । उनीहरुले आफ्नो पसलहरु बन्द गरी विरोध प्रदर्शन गरेका थिए । अहिले सरकारले सुनमा २ प्रतिशत विलासिताको कर र बहुमूल्य हिरा पत्थरमा १३ प्रतिशत भ्याट लगाउने निर्णय गरेको छ ।

# सुनचाँदी व्यवसायीद्वारा विलासिता कर घटाउन

नवलपुर । सरकारले सुनलाई विलासिताको बस्तुमा राखेको र विभिन्न शीर्षकमा अनावश्यक करहरु बढाएको भन्दै सुन व्यवसायी संघले विरोधका कार्यक्रमहरु गरिरहेका छन् ।

देशैभरिका सुन पसलहरू बन्द गरेर व्यवसायीहरु आन्दोलनमा उत्रिएका हुन् ।

बिहीबार नेपाल सुनचाँदी व्यवसायी संघ नवलपुरले पनि पत्रकार सम्मेलनमार्फत् आफ्ना विरोधका कार्यक्रमहरु सार्वजनिक गरेको छ ।

जिल्ला प्रशासन कार्यालय परिसरमा प्लेकार्डसहित नाराबाजी गर्दै प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेय् मार्फत सरकारलाई ज्ञापन पत्र बुझाउने कार्यक्रम समेत रहेको थियो । नवलपुरमा पनि आज र भोलि सुनचाँदी पसलहरु बन्द रहेको जिल्ला अध्यक्ष राजु सदाशंकरले बताए ।

त्यसैगरी नवलपरासी सुनचाँदी व्यवसायी संघ पश्चिम नवलपरासीले बिरोध प्रर्दशन गरेका छन । सरकारले हालै बजेट भाषणमा सुन चाँदी व्यवासयीहरुलाई बिलासिता बस्तुमा कर लागाएको र कर खारेजी माग गदै आज परासीमा बिरोधमा बिरोध प्रर्दशन गरेका हुन ।

उनीहरुले प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीमार्फत ज्ञापनपत्र पठाउदै सरकारलाई बिलासिता बस्तूको कर खारेजीको माग समेत गरेका छन । उनीहरुले विलासिता बस्तुको कर र व्यवासयीमैत्री निती ल्याउन माग गरिएको सुनचाँदी व्यवासयी संघका जिल्ला अध्यक्ष अर्जुन सुनारले बताए । उनले भने सुनको भन्सार ६ प्रतिशत कायम गर्न समेत सरकारसंग माग गरीएको बताए ।

सरकारले सुनमा २ प्रतिशत विलासिताको कर र १३ प्रतिशत भ्याट कर लागएको भन्दै यसलाई तुरुन्त खारेजी गर्न माग गरिएको सुनचाँदी व्यवसायी महासंघका केन्द्रिय सदस्य राजेन्द्र सुनारले बताए ।

अहिले सरकारले सुनमा २ प्रतिशत विलासिताको कर र बहुमूल्य हिरा पत्थरमा १३ प्रतिशत भ्याट लगाउने निर्णय गरेको छ ।

# नेप्से परिसूचक ९.०८ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बिहीबार ९.०८ अङ्क अर्थात् शून्य दशमलव ३४ प्रतिशतले घटेर दुई हजार ६५५ दशमलव ३८ अङ्कमा सीमित भएको छ ।

विभिन्न तीन सय ११ कम्पनीका दुई करोड ८६ लाख सात हजार ६५८ कित्ता शेयर एक लाख दुई हजार ८९५ पटक खरिद बिक्री हुँदा रु १२ अर्ब ५१ करोड ५३ लाख ८ हजार ९६१ दशमलव ६१ मा कारोबार भएको छ ।

उपसमूहतर्फ वित्त, होटल तथा पर्यटन, जलविद्युत् र म्युचुअल फण्डको उपसूचक उकालो लागेको छ भने बाँकी उपसमूह घटेको छ ।

साथै पियोर इनर्जी लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशत, चन्द्रागिरी हिल्स लिमिटेडको छ दशमलव ७८ प्रतिशत र रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ९९ प्रतिशतले बढेको छ । साथै गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको नौ दशमलव ९० प्रतिशत, रिभल फल्स पावर लिमिटेडको छ दशमलव ९७ प्रतिशत र नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ५८ प्रतिशतले घटेको छ ।

कारोबारपछि बजार पुँजीकरण ४४ खर्ब २३ अर्ब ३ करोड ७१ लाख ९५ हजार २०८ रुपैयाँ ३४ पैसा पुगेको छ ।

# भूमिहीनलाई लालपुर्जा वितरण




नवलपरासी । नवलपुरको कावासोती नगरपालिकामा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई लालपुर्जा वितरण गरिएको छ । यहाँको वडा नं. ४ का २५ परिवारलाई लालपुर्जा वितरण गरिएको हो ।

वर्षौंदेखि बसोबास गर्दै आएको जग्गाको लालपुर्जा आफ्नो नाममा प्राप्त भएपछि धेरै खुसी लागेको स्थानीय अमृत विकले बताए । “हजुरबुबाका पालादेखि बस्दै आएको जमिन आफ्नो नाममा थिएन, पहिलोपटक जमिनको मालिक हुँदा धेरै खुसी लागेको छ”, उनले भने-“आफू बसेको जमिनसमेत आफ्नो नाममा नहुँदा धेरै पीर लाग्ने रहेछ, अब त्यो पीर हटेको छ ।”

कावासोती-४ की होमकुमारी परियारले पनि लालपुर्जा प्राप्त गर्दा अब मेरो नाममा पनि माटो छ भने धेरै खुसी लागेको सुनाइन् ।

पुर्जा प्राप्त गरेपछि स्थानीय बासिन्दाहरूले पञ्चैबाजा बजाएर उत्सव मनाएका थिए । नगरपालिकाभित्र भूमिहीन दलित ६९७, भूमिहीन सुकुम्बासी एक हजार २४० र अव्यवस्थित बसोबासी पाँच हजार ५९६ जनाले फारम भरेको प्रमुख प्रशासकीय अधिकृत लिलाराज पौडेलले जानकारी दिए । पालिकाले आफ्नो स्तरबाट पुर्जा वितरणका लागि काम अगाडि बढाएको र पूर्जा वितरणको काम वडा नं. ४ बाट सुरु गरिएको उनले बताए ।

नगरप्रमुख विष्णुप्रसाद भुसालले वडा नं. ४ बाट सुरु गरिएको यस कार्यलाई भूमि समस्या समाधान आयोगसँग समन्वय गरेर क्रमशः अन्य वडामा पनि अगाडि बढाइने बताए । लालपुर्जा वितरण प्रक्रिया केही झन्झटिलो रहेकाले त्यसलाई सरल बनाउँदै लैजानुपर्ने उनले जनाए ।

यहाँ हालै गठित भूमि समस्या समाधान आयोगले पहिलोपटक लालपुर्जा वितरण सुरु गरेको हो । यसअघि गठन गरिएको आयोगले जिल्लामा करिब ३०० लालपुर्जा वितरण गरिसकेको आयोगका विज्ञ सदस्य होमनाथ जैसीले जानकारी दिए । नवलपुरमा करिब ३५ हजार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीले फारम भरेका छन् । जिल्लाका आठ पालिकामध्ये अधिकांशमा जग्गा नापीको काम सकिएको र अब क्रमशः स्थानीय तहको समन्वयमा पुर्जा वितरण अघि बढाइने उनले बताए ।

वडा नं. ४ का अध्यक्ष नारायणप्रसाद लोहनीले वडामा बसोबास गरिरहेका भूमिहीनलाई जग्गाको मालिक बनाउने कार्यमा सहजीकरण गर्न पाउँदा धेरै खुसी लागेको जनाए । छिट्टै अव्यवस्थित बसोवासीलाई पनि पुर्जा वितरण गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

भूमिहीन दलित र सुकुम्बासीलाई पुर्जा वितरण गर्दै पूर्वसांसद तिलक महतले एमाले र कांग्रेसको संयुक्त सरकार बनेपछि जिल्लामा पहिलोपटक पुर्जा वितरणको काम सुरु भएको बताए । वर्षौंदेखि भूमिहीन भएर बस्दै आएकाहरूले अब आफ्नो अधिकार प्राप्त गर्न थालेको उल्लेख गर्दै उनले यस कार्यलाई आयोगले तीव्रता दिनुपर्ने जनाए ।

### एयर...

प्रहरी आयुक्तले केही जीवित हुन सक्ने बताएका छन् ।

उनले ४१ जनाको अस्पतालमा उपचार भइरहेको र राहत तथा उद्धार कार्य जारी बताएका छन् । घाइतेमा विमानमा सवार बाहेक अन्य समेत रहेको बताइएको छ ।

भारतको अहमदावादबाट लण्डनका लागि उडेको एयर इन्डियाको उडान नम्बर एआई-१७१ बिहीबार दिउँसो भारतीय समय अनुसार १.३८ बजे उडान भरेको दुई मिनेटपछि नै दुर्घटनाग्रस्त भएको थियो । दुर्घटनास्थलमा सय जनाको शव भेटिएको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

दुर्घटनामा परेको विमान बोइङ ७८७-८ एयरक्र्याफट हो । बिहिबार दिउँसो १:३८ बजे (भारतीय समय) रने-वे बाट टेक अफ गरेको विमान १:४० मै तल खसेको थियो ।

विमाननस्थलकै पर्खाल र एयर कस्टम कार्गो अफिस नजिकै विमान ठोक्किएको थियो । प्रत्यक्षदर्शीका अनुसार विमान उडान भर्दादेखि नै निकै तल उडिरहेको थियो ।

दुर्घटनापछि विमान दुई टुक्रा भएको निकै ठूलो आगोको मुस्लो देखिएको प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै बीबीसी हिन्दीले उल्लेख गरेको छ ।

अहमदाबादको सरदार बल्लवभाइ पटेल अन्तर्राष्ट्रिय विमानस्थलको रन-वे बाट टेकअफ गरेको केही मिनेटमै विमान नजिकै भवनमा ठोक्कियो ।

विमान ठोक्किएको पाँचतले भवन अहमदाबादको अस्पतालका डाक्टरहरुको आवास भएको बताइएको छ । विमान खसेर आगलागी हुँदा १५ जना डाक्टर घाइते भएका विवरणहरु आएका छन् ।

दुर्घटनापछि एयर इन्डियाले यात्रुका आफन्तलाई सहजीकरण र सूचना दिन हटलाइन नम्बर जारी गरेको जनाएको छ ।

# आगलागीबाट करिब ६ हजार कुखुरा मरे

परासी । पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका-१४ गङ्गाबस्तीस्थित अन्नपूर्ण पोल्ट्री फर्ममा आगलागी भएको छ । आगलागीमा परेर फर्ममा रहेका ५ हजार ७ सय वटा कुखुरा जलेर मरेका जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका डीएसपी वीरदत्त पन्तले बताए ।

आगलागी हुँदा प्यारेन्ट प्रजातिका ४ हजार ५ सय साना चल्ला र लेयर्स चल्ला १ हजार दुई सय वटा ठूला चल्ला जलेर मरेका छन् । विद्युत् सर्ट भएर आगलागी भएको अनुमान गरिएको प्रहरीले जनाएको छ ।

बर्दघाट नगरपालिकाको दमकल र स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । आगलागीबाट फर्मको भौतिक संरचनामा समेत क्षति भएको छ । क्षतिको पूर्ण विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**विद्यालयको खेलमैदान संरक्षणः**
दाङको बबई गाउँपालिका-१ स्थित गङ्गटेमा स्थानीयले श्रमदानबाट सरस्वती जनता माध्यमिक विद्यालयको खेलमैदानलाई जोगाउन तटबन्ध गर्दै । तस्विर : कुलदीप न्यौपाने/ रासस

# रूपन्देहीका सुनचाँदी व्यवसायी आन्दोलित

बुटवल । सरकारले आ.व. २०८२/०८३ को बजेट वक्तव्यमार्फत् सुनचाँदी तथा हिरा पथ्थरका गरगहनामा विलासिता कर र भ्याट लगाउने जनाएपछि रुपन्देहीका सुनचाँदी व्यवसायीले व्यवसाय बन्द तथा शान्तीपूर्ण विरोध गरेका छन् ।

रुपन्देही सुनचाँदी व्यवसायी संघको आयोजनामा सुनचाँदी व्यवसायीहरूले सुनमा लगाइएको विलासिता कर र हिरा पत्थरमा लगाइएको १३ प्रतिशत मूल्यअभिवृद्धि कर खारेजीको माग गर्दै जिल्ला प्रशासन कार्यालय अगाडि शान्तिपूर्ण विरोध प्रदर्शन गरेका हुन् ।

राज्यले व्यवसायीहरू निर्धारण गरेको सुनचाँदी कारोबारमा २ प्रतिशत विलासिताको राजस्व खारेज गर्नुपर्ने, हिरा र जवाहरात जडित गरगहनामा लागू गरिएको मूल्य अभिवृद्धि कर पुनर्विचार गरी खारेज गर्नुपर्ने, व्यवसायीहरू हित, संरक्षण र विकास लागि कानुन निर्माण गर्ने माग गरिएको केन्द्रीय सदस्य चेत नारायण विश्वकर्मा विष्णुले बताए ।

विरोधसभामा सम्बोधन गर्दै सरकारले सुनचाँदी व्यवसायीहरूमाथि विभिन्न बहानामा दमन गर्दै आइरहेकाले व्यवसायीहरू आन्दोलनमा उत्रिएको केन्द्रीय सदस्य दिपक विश्वकर्माले जनाए ।

त्यस्तै राजस्व फेरबदलमा विस्तृत अध्ययनसहितको संशोधन गर्नुपर्ने, भन्सार दर ६ प्रतिशत कायम गर्नुपर्ने अन्तर्राष्ट्रिय मान्यता अनुरुप परीक्षण व्यवस्थापन गर्नुपर्ने र निर्यातमा २ दशमलव ५ प्रतिशत टिडिएस लाग्ने व्यवस्था गर्नुपर्ने मागसहित देशव्यापी आन्दोलनमा उत्रिएको सुनचाँदी व्यवसायी संघ अध्यक्ष गोपाल विश्वकर्माले बताए ।

कार्यक्रममा बुटवल सुनचाँदी व्यवसायी संघका अध्यक्ष गोकुल विश्वकर्माले सुनचाँदी व्यवसाय आर्थिक मन्दिका कारण दिन प्रतिदिन ओरालो लागिरहेको र सुनको मूल्यमा उच्च वृद्धि भैरहेको अवस्थामा सुनलाई विलासिताको वस्तु भनि सुनका गरगहनामा विलासिता कर २ प्रतिशत र हिरा तथा जवहरातमा लगाइएको १३ प्रतिशत मूल्य अभिवृद्धि कर भ्याट लगाइ व्यवसायीहरुलाई व्यवसायबाट विस्थापित गर्ने स्थिति सिर्जना गरिएको औंल्याए ।

सरकारले अनावश्यकरुपमा लगाएको कर खारेजीको विकल्प नभएको देवदह सुनचाँदी व्यवसायी संघका इन्द्रबहादुर विश्वकर्माको भनाइ छ ।

सरकारले बजेट भाषणबाट सुनको खरिद बिक्रीमा अनिवार्य दुई प्रतिशत कर लगाउँदा सुन तोलामा ४ हजार बढी तिर्नुपर्ने हुन्छ । यसबाट उपभोक्ता र व्यवसायी दुवै मारमा पर्ने र व्यवसायबाट समेत पलायन हुने व्यवसायीहरुले बताएका छन् । अहिलेको बजेट भाषणबाट २० हजारभन्दा बढी सुन व्यवसायी र डेढ लाखभन्दा बढी कालिगडहरुको रोजगार खोसिने समेत सुनचाँदी व्यवसायीहरुले बताएका छन् ।

छिमेकि मुलुक भारतमा भन्दा नेपालमा भन्सार दर ४ प्रतिशत बढी भएकोले त्यसलाई घटाएर भारतमा जस्तै ६ प्रतिशत भन्सार दर बनाउन पनि व्यवसायीहरूले माग गरेका छन् ।

चरणबद्ध आन्दोलनका क्रममा आफ्ना मागसहितको व्यानर पसल पसलमा राख्ने, कालो झण्डा राख्ने, कालो पट्टी बाँधेर व्यवसाय सञ्चालन गर्ने, विरोध स्वरुप ग्राहकहरुको हस्ताक्षर संकलन गर्ने, जिल्ला संघहरुमार्फत् विरोध स्वरुप सार्वजनिक स्थलमा सेतो कपडामा हस्ताक्षर संकलन गर्ने र प्रमुख जिल्ला अधिकारीलाई हस्ताक्षर र ज्ञापनपत्र बुझाउने संघका महासचिव शतिसकुमार कौसल दिपकले जानकारी दिए ।

बिहीबारको विरोध कार्यक्रममा सिद्धार्थनगर सुनचाँदी व्यवसायी संघ, तिलोत्तमा सुनचाँदी व्यवसायी संघ, देवदह सुनचाँदी व्यवसायी संघ, सैनामैना सुनचाँदी व्यवसायी संघ, शुद्धोधन सुनचाँदी व्यवसायी संघ, कञ्चन सुनचाँदी व्यवसायी संघ र लुम्बिनी सुनचाँदी व्यवसायी संघको उपस्थिति रहेको थियो ।

# प्रेस यूनियनको विकास पत्रकारिता तालिम



बुटवल । नेपाल प्रेस युनियन रुपन्देहीको आयोजनामा भएको दुई दिने विकास पत्रकारिता तालिम सम्पन गरिएको छ ।

सम्पन समारोहमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि एवं प्रमुख प्रशिक्षक नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष विपुल पोखरेलले पत्रकारितामाथि आक्रमण र त्रासको वातावरण बनेको भन्दै स्वतन्त्र प्रेसका पक्षमा सबै एकठाउ र निर्भिक भएर उभिनुपर्ने बताए । उनले पत्रकारहरुले सधै आलोचनात्मक चेत बोकेर काम गरिरहनुपर्ने जनाए ।

तालिममा प्रमुख प्रशिक्षकका रुपमा नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष विपुल पोखरेलले सहजीकरण गरेका थिए ।

कार्यक्रममा पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखरेल, प्रेस युनियनका केन्द्रीय सदस्य रेखा भुसाल, सल्लाहकार माधव नेपाल, पूर्व अध्यक्ष खिमानन्द भट्टराई, हरिष ढकाल, भवानीप्रसाद पाण्डे, अग्रज विष्णु भुसालगायतले अनुभवसहित सहजीकरण गरेका थिए ।

प्रेस युनियन रुपन्देहीको आयोजना र बुटवल उप-महानगरपालिकाको आर्थिक सहयोगमा भएको तालिममा रुपन्देहीका करिब १ सय ५० जना सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।

सो अवसरमा प्रेस युनियनका सदस्य एवं सर्जक डिल्लीनारायण पाण्डेयलाई दोसल्ला र प्रशंसापत्रले सम्मान गरिएको छ । पाण्डेयले बुटवलसहित विभिन्न ४ वटा नगरका गान रचना गरेका छन् । कार्यक्रममा सर्जक पाण्डेयले युनियन गरेको सम्मानप्रति आभार व्यक्त गरे ।

युनियन रुपन्देहीका अध्यक्ष कबिन्द्र नेपालको अध्यक्षता तथा सचिव कपिल ज्ञवालीको सञ्चालनमा सम्पन्न भएको थियो भने तालिमको संयोजकमा उपाध्यक्ष कल्पना तिवारी रहेकी थिइन् ।

**सर्जक डिल्लीनारायण पाण्डेयलाई युनियनको सम्मान**

नेपाल प्रेस युनियनले आफ्ना सदस्य एवं सर्जक डिल्लीनारायण पाण्डेयलाई सम्मान गरेको छ । बुटवलमा सञ्चालित दुई दिने विकास पत्रकारिता तालिमको समापनका अवसरमा पाण्डेयलाई दोसल्ला र प्रशंसापत्रले सम्मान गरिएको हो ।

पाण्डेयले बुटवलसहित विभिन्न ४ वटा नगरका गान रचना गरेका छन् । उनलाई नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष एवं तालिमका प्रमुख प्रशिक्षक विपुल पोखरेल, अध्यक्ष कविन्द्र नेपालगायतले सम्मान गरेका हुन् ।

सो अवसरमा बोल्दै सर्जक पाण्डेयले नेपाल प्रेस युनियनको सम्मानले आफूलाई अझैं जिम्मेवारी थप गरेको भन्दै कलम चलाउने कामलाई अझैं तीब्रताका साथमा अगाडि बढाउने बताए ।

# स्रोत नखुलेको अवैध नेपाली रुपैयाँ बरामद



बुटवल । राजस्व अनुसन्धान कार्यालय बुटवलले चालु आर्थिक वर्षको हालसम्म स्रोत नखुलेको अवैध नेपाली रुपैयाँसहित विभिन्न देशका रु तीन करोड ४६ लाख ५५ हजार ८८० मुद्रा बरामद गरेको छ । बरामद गरिएका मुद्रामध्ये नेपाली रु एक करोड ९१ लाख र भारतीय रु एक करोड ५५ लाख रहेकाराजस्व अनुसन्धान कार्यालय बुटवलले जनाएको छ ।

नेपाल-भारत सीमावर्ती क्षेत्रबाट स्रोत नखुलेका यस्ता रकमसहित भारतीय नागरिक पक्राउ पर्ने गरेको कार्यालयका प्रमुख अनुसन्धान अधिकृत विवेक घिमिरेले बताए । उनीहरू भरियाका रूपमा रहेका भन्दै यसको गिरोहको जरासम्म पुग्न भने नसकिएको प्रहरी तथा अनुसन्धान अधिकारीहरू बताउँछन् ।

चालु आवमा भएको बरामदको विवरणअनुसार बुटवल आसपासबाट मात्रै रु तीन करोड ४६ लाखभन्दा बढी अवैध रकम बरामद भएको अनुसन्धान अधिकृत घिमिरेले जानकारी दिए । उनका अनुसार विदेशी मुद्राको अवैध कारोबारमा भारतीय मुद्रा, अमेरिकी डलर, युएई दिराम तथा नेपाली रुपैयाँ रहेका छन् ।

त्यस्ता मुद्राहरूको कारोबार, सीमानाकामा ओसारपसार र वैधानिक स्रोतबिनाका गतिविधिमा संलग्न समूहमाथि कडा निगरानी गरी उक्त रकम जफत गरिएको घिमिरेले बताए । उनका अनुसार राजस्व अनुसन्धान टोली र नेपाल प्रहरीको संयुक्त प्रयासमा विभिन्न गाडी, यात्री र झोलाबाट सो रकम जफत गरिएको हो ।

रुपन्देहीका बुटवल, मर्चवारी, बेलहिया, रैनादेवी, चम्पानगर तथा कपिलवस्तुको कृष्णनगरलगायत सीमावर्ती क्षेत्रहरूमा निगरानी कडा पारिएको जनाउँदै घिमिरेले यस्ता अवैद्य रकमसहित भारतीय नागरिक पक्राउ परेको उल्लेख गरे । तस्करीको सुनसहित व्यापारीले सीमापारी पुगेर लेनदेन गर्ने गरेको रकम पटकपटक गरी नेपाल भित्र्याउने गरिएको हुनसक्ने अनुसन्धान अधिकृत घिमिरेले आशङ्का व्यक्त गरे । “सोको पुष्टि हुनेगरी केही विवरण र मालिक पत्ता लागेका छन् तर अनुसन्धान भइरहेकाले अहिलेसम्म सार्वजनिक भने गरिएको छैन ।”-उनले भने ।

प्रमुख अनुसन्धान अधिकृत घिमिरेले आपराधिक गतिविधिमाथि सुदृढ अनुगमन, प्रविधिको प्रयोग तथा अन्तरनिकाय समन्वयमार्फत् कडाइका साथ नियन्त्रणको अभियान सञ्चालन गरिएको बताए ।

# नेका लुम्बिनीको क्रिकेट प्रतियोगिताको तयारी पूरा




बुटवल । शैक्षिक परामर्श व्यवसायीहरुलाई एकताबद्ध बनाउने उद्देश्यसहित राष्ट्रिय शैक्षिक परामर्श संघ (नेका) लुम्बिनी प्रदेशको आयोजनामा क्रिकेट प्रतियोगिता हुने भएको छ ।

परामर्शदाता संस्थाहरुका बिचको सम्बन्ध बलियो बनाउँदै एकजुट गराउन एनइसीए (नेका) लुम्बिनी इन्टर-कन्सल्टेन्सी इन्डोर क्रिकेट कप प्रतियोगिता आयोजना गर्न लागिएको संघले जनाएको छ ।

बिहीबार बुटवलमा पत्रकार सम्मेलन गरी जेठ ३० शुक्रबार र ३१ गते शनिबार हुने प्रतियोगिताको सबै तयारी पूरा भएको संघका अध्यक्ष गणेश पौडेलले बताए ।

परामर्शदाताहरु बिचमा खेलमार्फत् भातृत्व विकास गर्ने उद्देश्यका साथ प्रतियोगिता गर्न लागेको उनले बताए । प्रतियोगिताको टिम दर्ता, स्पोन्सरलगायतका सबै तयारी पूरा भएको उनले जनाए ।

लुम्बिनी क्रिकेट एरिनामा हुने प्रतियोगितामा ३६ टिमले प्रतिस्पर्धा गर्ने खेल संयोजक दुर्गा पन्थीले बताए । ईण्डोर खेल ६ ओभरको हुने प्रतियोगितामा उपाधि विजेता टिमले नगद २५ हजार र उपविजेता टिमले नगद १५ हजार, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने उनले जानकारी दिए ।

यसैगरी विधागत सर्वोत्कृष्ट खेलाडी २५ सय र उत्कृष्ट ब्याट्सम्यान र बलरलाई १५ सय रुपैयाँ, कपबाट पुरस्कृत गरिने उनले बताए । कार्यक्रममा सचिव नारायण पोखरेलले डेढ लाख खर्च हुने अनुमान रहेको प्रतियोगितालाई विभिन्न दाताहरुबाट सहयोग भएको जनाए ।

# चैतेधानको उचित मूल्य नपाउँदा किसान निराश

नवलपरासी । यहाँका किसान चैतेधानको उचित मूल्य नपाउँदा निराश भएका छन् ।

मध्यविन्दु नगरपालिका-२ का किसान दानबहादुर आलेले पाँच कठ्ठा जमिनमा दश क्विन्टल धान उत्पादन गरे, तर प्रतिक्विन्टल मात्र रु. दुई हजार २०० मात्र पाउँदा उनी खिन्न छन् । गतवर्ष रु. तीन हजारभन्दा अधिक मोलमा उनले एक क्विन्टल धान बेचेका थिए ।

बुद्धभूमि कृषक समूहका संयोजकसमेत रहेका किसान आलेले धानको उचित मूल्य नपाउँदा समूहमा खेती गरेका सबै किसान निरास भएको बताउँछन् । यो समूहले पाँच बिघामा चैतेधान रोपेको थियो । उचित मूल्य नपाएका उनीहरुले घरमा नै धान थन्क्याएको उनले बताए ।

गैंडाकोटका किसान मानबहादुर थारुले रु दुई हजार २०० प्रतिक्विन्टलका दरले धान बेचेको जनाए । हालको बजार मूल्यबाट आफ्नो लगानी पनि नउठेको उनको दुखेसो छ ।

सरकारले चैतेधानको समर्थन मूल्य दुई हजार ८७९ तोकेको कृषि ज्ञान केन्द्रका प्रमुख कूलप्रसाद तिवारीले जानकारी दिए । भारतबाट धान आयात भएकाले किसानले उचित मूल्य नपाएको हुनसक्ने उनले बताए । यो वर्ष नवलपुरमा एक हजार १०० हेक्टरमा चैतधान रोपिएको थियो ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# सहयात्री सहकारीद्वारा नेतृत्व विकास तथा सहकारी व्यवस्थापन तालिम सम्पन्न



बुटवल । सहयात्री बचत तथा ऋण सहकारी संस्था लि. बुटवलको आयोजनामा तीन दिने नेतृत्व विकास तथा सहकारी व्यवस्थापन तालिम सम्पन्न भएको छ ।

समापन समारोहमा बोल्दै सहयात्री बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष हरिबहादुर बोमरेलले सहयात्री सहकारी दलित समुदायभित्रको पनि सार्की समुदायले सञ्चालन गरेको सहकारी भएकोले यो सहकारी अन्य सहकारीभन्दा पृथक रहेको बताउँदै सहकारीले आफ्ना सदस्यहरुको आर्थिक शसक्तिकरणमा महत्त्वपूर्ण भूमिका खेलेको बताए । मुलुकको राजनीतिक, सामाजिक, आर्थिकलगायतका क्षेत्रमा दलितको उपस्थिति कम रहेको उल्लेख गर्दै उनले नेतृत्व विकास तालिमले सदस्यहरुलाई नेतृत्व तहमा पुऱ्याउन सहयोगी भूमिका खेल्ने विश्वास व्यक्त गरे । पछिल्लो समयमा सहकारी संघसंस्थाले मुलुकमा आर्थिक समृद्धिका लागि ठूलो टेवा पुऱ्याएको उनको भनाइ थियो । तालिममा सिकेको सीपलाई व्यवहारमा उतार्न उनले सहभागीहरुलाई आग्रह समेत गरे ।

सहयात्री बचत तथा ऋण सहकारी संस्थाका सचिव हस्तबहादुर हिताङ्गले सिकाइका लागि कहिल्यै पछि हट्न नहुने बताउँदै समयमा हुने तालिमले सदस्यहरुलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरे ।

सहकारीको सामाजिक उत्तरदायित्वअन्तर्गत दलित समुदायका आर्थिक अवस्थाले कमजोर जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति, वृद्धाश्रममा सहयोग, जटिल रोग लागेका बिरामीहरुलाई ३ महिना निःशुल्क व्याजदर कर्जा लगानी, सुत्केरी पोषण भत्तालगायत विभिन्न कार्यहरु गर्दै आइरहेको साथै सहकारीले सदस्यहरुलाई स्वरोजगारतर्फ उन्मुख गराउने उद्देश्यका साथ सीपमूलक तालिम पनि दिँदै आएको सहकारीका कोषाध्यक्ष छवबहादुर नेपालीको भनाइ थियो ।

कार्यक्रममा प्रशिक्षार्थीहरुको तर्फबाट धनकुमारी बस्याल, हेमकुमार नेपालीले ३ दिनसम्म सिकेका अनुभवहरु सुनाएका थिए ।

तालिममा सञ्चालक समितिका सदस्य, उप-समितिका संयोजक तथा सदस्य कर्मचारी शेयर सदस्य गरी ५० जनाको सहभागिता रहेको थियो । जेष्ठ २६ देखि २८ गतेसम्म सञ्चालित तालिमलाई बुटवल उप-महानगरपालिकाका सहकारी, उद्योग वाणिज्य तथा लघु उद्यम शाखाका प्रमुख गुणाकर खनालले सहकारी व्यवस्थापनसम्बन्धी र वरिष्ठ उद्घोषक तथा कार्यक्रम सञ्चालक गोपालप्रसाद अधिकारीले नेतृत्व विकाससम्बन्धी सहजीकरण गरेका थिए । तालिम सहकारीका सञ्चालक समिति सदस्य तथा तालिम संयोजक विन्द्रा नेपालीको अध्यक्षतामा भएको कार्यक्रम सह-सचिव रिना नेपालीले सञ्चालन गरेकी थिइन् ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com